**नारायणी मेमोरियल फाउण्डेसन**
**(NAME Foundation)**



## संक्षिप्त परिचय

सामाजिक, शैक्षिक, साहित्यिक क्षेत्रको विकासमा सहयोग गरी मानव अधिकार, महिला तथा बाल अधिकारको संरक्षण गर्दै सामुदायिक अभियानमा अग्रणी भूमिका निर्वाह गर्न तथा सामाजिक विकासमा सक्दो योगदान पुऱ्याउनु मानव जीवनको कर्तव्य मात्र होइन अभिभारा नै हो भन्ने सामाजिक सन्देश प्रवाह गर्न संस्थागत पहल आवश्यक हुने हुँदा असामयिक निधन भएकी स्व. नारायणी ओली पाठकको स्मृतिमा स्व. नारायणी मेमोरियल फाउण्डेसन (NAME Foundation) मूलतः निम्न कार्यका लागि जिल्ला प्रशासन कार्यालय झापामा दर्ता गरी कार्य प्रारम्भ गरिएको छ ।

१. यो संस्था गैरनाफामूलक जनहितकारी सामाजिक संस्था हुने ।
२. यसले अनाथ, असहाय, बाबु आमाबाट परित्याक्त र शारिरीक अशक्तता एवम् न्युन आयस्रोत भएका बालबालिकाहरूको लागि आधारभूत एवम् माध्यमिक स्तरको शैक्षिक छात्रवृत्ति प्रदान गर्ने ।
३. ज्येष्ठ असहाय आश्रित आमाहरुलाई सहयोग एवम् सम्मान गर्ने ।
४. समाजसेवी दाताहरुबाट आफ्ना पूर्वजहरुको सम्मान र सम्झनामा छात्रवृत्ति एवम् अन्य सामाजिक कार्यका लागि प्राप्त रकमको अक्षय कोष स्थापना गरी दाताको इच्छामा पूर्वजहरुका नाममा छुट्टै शैक्षिक छात्रवृत्ति दिने एवम् अन्य सामाजिक कार्य गर्ने ।
५. महिला अधिकार र बाल अधिकारका बारेमा वकालत गर्दै उनीहरुका अधिकारको संरक्षणमा सहयोग पुऱ्याउने ।
६. भाषा, साहित्य, धर्म संस्कृतिको विकास एवम् संरक्षण गर्दै श्रष्टा, सर्जक तथा पूर्वजहरूको पहिचान गरी उहाँहरूलाई सम्मान र पुरस्कृत गर्ने ।

अनन्त स्मृतिमा अमर आत्माहरू

# अनन्त स्मृतिमा अमर आत्माहरू

**नारायणी मेमोरियल फाउण्डेसन**
**(NAME Foundation)**